बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा, रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प.स.०८२/८३
च.न. ८१

मिति: २०८२।०८।१५

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

श्री यो जो जससँग सम्बन्धित छ।

उदयपुर जिल्ला बेलका नगरपालिका वडा नं. ३ अन्तर्गत श्री कोशी जनता माध्यमिक विद्यालय रामपुरमा रिक्त रहेको नि.मा.वि. तह तृतीय श्रेणी अंग्रेजी विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०८।०१ को निर्णय तथा विद्यालयको मिति २०८२।०८।१५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको ईमेल ठेगाना rampurmavi2019@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

०८२/०८/१५

..................

हरि प्रसाद कट्टेल

शिक्षा अधिकृत

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ, गाईघाट, उदयपुर।

श्री कोशी जनता माध्यमिक विद्यालय रामपुर बेलका न.पा. ३ उदयपुर

श्री सूचना प्रविधि शाखा, बेलका नगरपालिका, वेबसाइटमा अपलोड गरिदिनु हुन।